
२०७७ साल, वर्ष ३ , अंक ७ (असार)

लाटोकोसेरो संरक्षण सबैका लागि



# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)

© Kajal Tamang



© Ramdew Chaudhary

महाकौशिक प्रजातिको लाटोकोसेरोलाई सुनसरी जिल्लामा उद्दार गरिदैं

## यो अङ्कमा


सिमलको रुख, मलाहा हुचीलको दैनिकी र हामी...........................................३

खाली भएको गुँड देखेर हामी सबै खुशी भयौं...................................................५

लाटोकोसेरो र हुचिल भेट्दा मनै रमाइलो हुन्छ..............................................१०

मेरो सूचीमा लाटोकोसेरोको नयाँ प्रजाति थपिदा खुसीको सीमा रहेन !............१२

सायद त्यो हाप्सिलो बाच्थ्यो की !...................................................................१४

तिमीलाई उडाउन सकिएन , माफ गरिदेऊ !....................................................१७

गोरखाबाट उद्धार गरिएको चस्मे उलुक..........................................................२०

लाटोकोसेरोको उद्दार,पुनर्स्थापना तथा मृत्यु ..................................................२१

क्यामेरामा लाटोकोसेरो ....................................................................................३०


## हाम्रो भन्नु !

कोरोना भाइरसको महामारीले लाटोकोसेरो अनुसन्धान र संरक्षणका कामहरू पनि प्रभावित भएका छन्। वन्यजन्तु व्यापारको केन्द्र चीनको उहानबाट सुरु भएको यो भाइरसले हाम्रा सबै कामहरू प्रभावित बनाएको छ। वन्यजन्तु पाल्दा, तिनको मासु खाँदा, तिनको नजिक बस्दा यस्ता अनेक रोगहरू सदियौँ देखि देखिदैं आएको छ। त्यसैले लाटोकोसेरो पाल्नु, मार्नु, मासु खानु आदी काममा नलागौँ। अहिलेसम्म लाटोकोसेरोको कारणले कुनै रोगहरू फैलिएको जानकारी नभए पनि भविष्यमा हुन् सक्ने क्षतिलाई अहिले देखिनै रोक्न सक्छौं । लाटोकोसेरो लगायत सबै वन्यजन्तु हाम्रा अमूल्य सम्पत्ति हुन् । यिनको संरक्षण गर्नु भनेको मानवको पनि संरक्षण गर्नु हो । **-सम्पादक**

# सिमलको रुख, मलाहा हुचीलको दैनिकी र हामी



मनोज घिमिरे

फोटोमा देखिएको रुख सिमलको सुकेको रुख हो । यो रुख बुढो भएर मरेको हो । जुन समयमा यो रुख मर्दै थियो त्यो बेला यो रुखमा रूपीहरू (डान्ग्रेहरू) बस्ने गर्थे । केही वर्ष अघिको हुरी बतासले यो रुख भाँच्चिन पुग्यो र भाँच्चिएको ठाउँमा ठुलो धोद्रो प्वाल रह्यो । यही धोद्रो प्वालमा अहिले मलाहा हुचिलले गुँड बनाई बच्चा निकालेर उडाउने बेला पनि भइसकेको छ ।

उड्ने बेलाको हुचिलको बच्चा बेला-बेलामा निस्किएर बाहिरका गतिविधीलाई नियाली रहेको हुन्छ । उ एक्लो छ, तर मस्त छ । कहिले पखेटा हल्लाएर खेल्छ, कहिले टाउको चारैतिर घुमाउँछ । कहिले दुवै पखेटा हल्लाउँदै उड्न सिकिरहेको हुन्छ ।

भोक लागेपछि उसले आफ्नो बुवा आमालाई सिठीको जस्तो आवाज निकालेर बोलाउने गर्छ । आमा, बुवा छेउको बाघमारा मध्यवर्ती सामुदायिक वनको जङ्गलमा त कहिले चितवन राष्ट्रिय निकुञ्जको भेलदर घारीको जङ्गलमा बस्ने गर्दछन् । प्रायः यिनीहरू आफ्नो बच्चालाई आहारा खुवाउन साँझ र बिहानको समयमा आउने गर्छन् । यदि बच्चालाई शत्रुहरूले आक्रमण गरे माउ जहाँ भए पनि तुरुन्तै आइ पुग्दछ । हुन त शुरुमा यो गुँडमा २ वटा बच्चा रहेको एक जना स्थानीयले भनेकी थिइन् ।



एउटा बच्चा त्यही रुखको फेदमा खसेको रहेछ, ती स्थानीयले के को बच्चा होला भन्ने सोचेर त्यही रुखमा छोडेकी थिइन । त्यसपछि उनलाई त्यो बच्चा कहाँ गयो ? के भयो ? भन्ने थाहा छैन । अहिले भने गुँडमा एउटा मात्र बचेरा रहेको छ ।

हिजोआज त्यहाँ वरपर फोटो खिच्नेहरूको भिड लाग्ने गर्छ । मानिसको भिडले हुचिलको वासस्थानलाई असर गर्न सक्छ । मित्र प्रेम तामाङले त्यहाँ भिड लाग्न आउनेहरूलाई सचेत गराउँदै आएका छन् ।

मलाहा हुचिल प्रायः खोला, नदी, ताल आसपासका क्षेत्रमा बढी देखिने गर्छ । यो विशुद्ध सिकारी चरा हो । यसको मुख्य आहारा माछा भएकोले पनि यो नदी, खोला, ताल तलैयामा आसपासमा बस्दछ । यसले ठुला रुख, ठुला धोद्रा भएको प्वालमा वा टोड्कोमा गुँड बनाउने गर्दछ । एक पटकमा यसले तीन देखी पाँच वटासम्म अण्डा पार्छ तर पनि प्रायः दुई देखि तीन वटा मात्र बच्चा कोरलेको पाइन्छ । अझ कहिलेकाहीँ त एउटा मात्र बच्चा कोरलेको हुन्छ ।

हाम्रो यस क्षेत्रमा दुई खाले मलाहा हुचिल पाइने गर्दछ । १) कैलो मलाहा हुचिल (Tawny Fish Owl) र २) मलाहा हुचिल (Brown Fish Owl) । यो गुँडमा भएको बच्चा मलाहा हुचिल (Brown Fish Owl) को बच्चा हो । यहाँका स्थानीयहरूले यसलाई सुद्रुङ्ग भुद्रुङ्ग भन्ने गरेका छन् । विगत वर्षहरूमा यस ठाउँमा प्रायः किसानहरूले आफ्नो खेतिवाली जोगाउन मचान निर्माण गरेका हुन्थे । यो एक खाले विशेष रूपमा थारु जातीहरूले आफ्नै शैलीको १० देखी १२ फिट अग्लो मचान बनाइएको हुन्थ्यो । यस मचानको धुरीमा खरको चुच्चो निकालिएको हुन्थ्यो । प्रत्येक रात सुद्रुङ्ग भुद्रुङ्गहरु त्यही चुच्चोमा आएर बस्ने र सिकार गर्ने गर्दथे । त्यसताका कति नचिन्नेहरुले त यसलाई भूत पनि भन्ने गर्दथे रे । हुहु हुहु गरेर आवाज निकाल्ने हुँदा, पहिलो पटक आवाज सुन्नेले त पक्कै भूत हो भन्थे ।

हुचिलप्रति मानिसहरूको अन्धविश्वासले गर्दा यसको चोरी तस्करी व्यापक पाइएको छ । तस्करहरूले विभिन्न खाले अन्धविश्वासी कथनहरू भनेर सर्वसाधारण मानिसहरूलाई झुक्याइ बिक्री गर्ने गरेको पाइएको छ । जस्तै राती टर्च बाल्दा हुचिलको आँखाको तेजले टर्चको बल्ब फुटाइदिने, खुट्टामा तामा तार बाँध्यो भने त्यसबाट करेन्ट आउने, सेतो कपडालाई हुचिलको खुट्टाले छुँदा कपडालाई पुरै पहेँलो रङ्ग बनाइदिने, अझ यसको वजन अनुसार यसले त्यही अनुरूपको करेन्ट आउने जस्ता अन्धविश्वासका कुराले सर्वसाधारणलाई झुक्याउने र बिक्री गर्ने गरेको भेटिएको छ । अर्को कुरा गाउँमा मानिसहरू हुचिल देखेपछि लखेटी लखेटी मार्ने, रुखमा चढेर यसको अण्डा, बच्चा निकालेर खाइदिने गरेको पनि भेटिएको छ । यी सबै माथिका कार्यहरूले गर्दा आज हुचिलको सङ्ख्यामा कमी आएको छ ।

हाम्रो यस ठाउँमा रहेको हुचिलको गुँडमा एक्लै रहेको यो हुचिलको बच्चा लगभग हुर्किने अवस्थामा पुगिसकेको छ । सायद हप्ता दिनमा यसले आफ्नो गुँड छोडेर माउसँगै साथसाथ जानेछ । यो वर्ष गुँड वरपर निकै हो हल्ला भएको छ , अर्को वर्ष गुँड लगाउँछ कि लगाउँदै भनेर अहिले देखिनै चिन्ता लागिरहेको छ ।

**(मनोज घिमिरे मानव शास्त्रमा स्नाकोत्तर हुन् । उनि चरा अवलोकन तथा वन्यजन्तु संरक्षणमा रुची राख्छन् )**

## खाली भएको गुँड देखेर हामी सबै खुशी भयौं



**प्रदीप अधिकारी**

जेठ ७ गते दिउँसोको ३-४ नबज्दै बादल मडारिँदा पोखरा र आसपासका क्षेत्रको आकाश कालो र दिन अँध्यारो हुँदै थियो। यो महिना तिर पोखरामा यस्तै हुन्छ। ठुलै वर्षा हुने सङ्केत पाएका कारण घर बाहिर रहेका मानिसहरू धमाधम घरतर्फ लम्किरहेका थिए। दिनको उज्यालोमा चारो/आहारको खोजीमा निस्केका चराचुरुङ्गी पनि धमाधम आफ्नो गुँडतिर फर्कदैं थिए।

तर रातको समयमा सक्रिय रहने छिमेकीको किचेन चिम्नीको एडजस्ट पाइपलाई गुँड बनाई बसेको लाटोकोसेरो र उसका तीन वटा बच्चाको जीवनमा भने आकाशमा जस्तै कालो बादल मडारिदैं थियो। घर बाहिर रहेका सबै आ-आफ्नो घरतर्फ आउँदै गरेको सो समयमा अपवाद आफ्नै घरमा रहेको त्यो लाटोकोसेरोको परिवार भने आफ्नो घरबाट निकालिदैं थियो, कारण; उक्त लाटोकोसेरोले जसको घरमा आफ्नो पनि घर बनाएको थियो सो कुरा त्यो घरका घर धनीले आजै मात्रै थाहा पाएका थिए।



हाम्रो समाज केही विषयमा यति संवेदनशील छ कि ती विषयमा संवेदनशील हुँदै गर्दा आफू असंवेदनशील भएको पत्तै पाउँदैन र त्यस्ता संवेदनशीलता देख्दा कहिलेकाहीँ आफैलाई प्रश्न गर्न मन लाग्छ "के साँच्चै हामी र हाम्रो समाजमा संवेदनशीलता भन्ने चिज पनि छ र?" समाजमा प्रथा/मान्यताको रूपमा सृजना गरिएका विविध संवेदनशीलता मध्यको एक संवेदनशीलता हो "शुभ र अशुभ"। समाजका विद्यमान मान्यताले केही पंक्षिले आफ्नो घर वा आसपासमा आई गुँड बनाउनु लाई अशुभ भनी परिभाषित गरेका छन् र लाटोकोसेरोले गुँड बनाउनु सोही अन्तर्गत पर्दो रहेछ।




अशुभ र पाप सँग त्रसित  हाम्रो समाजका सदस्यले सामाजिक मान्यताले अशुभ भनी परिभाषित गरेका कार्य जानाजान हुन दिने र सो बापत अशुभ फल भोग्ने जोखिम/रिस्क उठाउने कुरै भएन। अन्ततः हार गुहार गरी, अन्य एक-दुई जनाको सहायता लिएर भए पनि लाटोकोसेरो त्यहाँबाट हटाउनु नै उपयुक्त विकल्प थियो र सोही बमोजिम भयो। नढाँटी भन्दा हामी सबैलाई सबैभन्दा धेरै माया आफ्नो नै लाग्छ।

आफ्नो वासस्थानमा हमला भएको सुईको पाए पश्चात् माउ लाटोकोसेरो भर्खरका आफ्ना तिन चल्ला छाडेर गुँडबाट उड्यो भने गुँड हटाउन खटिएका मानिसले ती तिन चल्ला लाई घरको दोस्रो तल्लाबाट बारीमा फाली दिए। छिमेकीले गुँड हटाउँदै छन् भन्ने कुराको जानकारी पहिल्यै पाएको थिए, नफाल्न आग्रह गर्ने पनि सोचेको थिए तर विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसका कारण मानिसले घरपालुवा जनावरलाई परित्याग गरिरहेको, मानिस मानिसकै नजिक हुन डराइरहेको, अवस्थामा उक्त लाटोकोसेरोलाई केही नगर्नुस्, त्यहीँ रहन दिनु भनेर भन्न उपयुक्त होला जस्तो लागेन। लाटोकोसेरोबाट कुनै किसिमको रोग वा सङ्क्रमण फैलिन्छ वा फैलिँदैन भन्नेमा म स्वयं स्पष्ट थिइन् र माउले आफ्ना बच्चा सम्हाल्नेमा आशावादी भएका कारण सो दिन ती बच्चाहरूलाई रुखको ओत मुनी राखी दिने भन्दा ज्यादा केही गरिन।

राती ठुलो पानी परिरहेका कारण मौसम शीतल थियो र सो शीतल मौसमको सदुपयोग गर्दै लाटोकोसेरोको आनीबानी, वासस्थान, आहार-विहार लगायतका विविध विषयमा इन्टरनेट मार्फत अबेर सम्म जानकारी लिँदै थिए। इन्टरनेट मार्फत लाटोकोसेरो बाट कुनै किसिमको सङ्क्रमणको खतरा नहुने स्पष्ट भए र ती बच्चाहरूलाई उद्धार गर्नु परेको खण्डमा उद्धार गर्ने निष्कर्षमा पुगे।

भोलिपल्ट बिहान बारीको  कान्लाको ओतमा बसिरहेका ती चल्लाहरूलाई मर्निङ वाक गर्ने मानिसहरूले देख्नुभएछ, हो हल्ला गर्नुभयो। फेरी त्यहाँ पुगें , चल्लाहरू हिजो मैले छोडेकै ठाउँमा  रहेछन्। आफ्ना चल्लाको माया माउलाई अवश्य थियो होला तर कहिलेकाहीँ त्यो माया भन्दा आफ्नै ज्यानको माया हावी हुँदो रहेछ। त्रासका कारण होला माउ त्यहाँ आएको जस्तो देखिएन।




अन्ततः ती बच्चाहरूलाई आफ्नो घरमा ल्याई गुँड बनाइ राख्ने निष्कर्षमा पुगे। घरमा आएर पुरानो चेस्ट फ्रिजरको वायर बास्केट निकाले, पाईलर, कङ्क्रिट किल्ला, ह्याम्मर इत्यादि लिएर घर बाहिरको बगैंचामा पुगे। मैले यी सबै सामाग्रीको जोह गरेको दृश्य सिटिङ् हलमा योग गरिरहनु भएकी आमा र किचनमा खाना बनाउँदै गर्नुभएको बुबाले नहेरेको जस्तो अभिनय गर्दै बडो नियालेर हेरिरहनु भएको थियो । शायद मैले यी सबै सामाग्रीको जोह गरेको दृश्य र हिजो त्यो गुँड भत्किँदा मेरो मुख र अनुहारले व्यक्त गरेका खिन्नतालाई इन्टरलिंक गरेर बुबा र आमाले मैले ती बच्चाहरूको उद्धार गर्न लागेको कुरा बुझी सक्नु भएको थियो ।

बुबा र आमा दुवै जनाले मेरो कार्यलाई नियालेर हेरेर पनि नहेरेको जस्तो अभिनय गर्नमा बडो गज्जबको कूटनीति थियो। सोही अभिनय मार्फत उहाँहरूले मेरो कार्यप्रति मौन र भद्र असहमति जनाइरहनु भएको थियो। बुबा आमाको अनुमति र सहमति बेगर खासै काम गर्दिन । आफ्नो कामको उद्देश्यले बुबा आमालाई कन्भिन्स गराउन नसकिने तर परिणाम मार्फत कन्भिन्स गराउन सकिने केही विशेष परिस्थितिमा मात्र बुबा-आमाको अनुमति र सहमति बेगर काम गर्ने रिस्क उठाउने गर्छु। तर मेरो बुझाइमा यो कार्य विगतमा बुबा-आमाको सहमति बेगर गरिएका अन्य कार्य भन्दा पृथक् प्रकृतिको थियो।

मेरो कार्यको उद्देश्य र परिणाम दुबैमा बुबा-आमा कन्भिन्स्ड हुनुहुन्थ्यो तर यहाँ त्यो भन्दा ठुलो ईस्यु मायाको द्वन्द्व थियो। अर्थात् मेरो र बुबा आमाको ती बच्चाहरू प्रतिको माया र मलाइ कुनै सङ्क्रमण हुन्छ की भन्ने बुबा-आमाको म प्रतिको माया बीचको द्वन्द्व। मलाई थाहा थियो कि यी दुई बीचको द्वन्द्वमा मेरो पराजय निश्चित छ तसर्थ मैले यो काम बुबा-आमा को पूर्व अनुमति र सहमति बेगर गर्ने निश्चय गरे। केही बेरमा आमाले यस्तो महामारीका बेला किन नानाभाती टन्टो बेसाउनु पर्‍यो, हामीले भनेको मान्ने भए यस्तो समयमा ती बच्चा घरमा नल्याएकै राम्रो। जवाफमा “मैले सबै कुरा इन्टरनेटमा हेरे, लाटोकोसेरोबाट केही खतरा हुँदैन रे” भने। तर आमाको फेसिएल एक्सप्रेसनले भने गहिरो असहमति जनाइरहेको थियो । यत्तिकैमा मनमनै सोचे हामी आफू र आफ्नालाई यत्ति/यसरी माया गर्छौं कि, अरूले पनि आफू र आफ्नालाई त्यस्तै माया गर्छन् होला भन्ने भुलि दिन्छौ।

नजिकैको पसल पुगेर चेस्ट फ्रिजरको वायर बास्केटमा फिट हुने साइजका चाउचाउका कार्टुन ल्याइ सो कार्टुनलाई वायर बास्केट भित्र फिट गरे, गुँडलाई न्यानो बनाउन केही पुराना कपडा राखे र गुडलाई लगेर छिमेकीको घरको किचेन चिम्नीको एक्जस्ट फ्यानको पाइपको विपरीत दिशामा रहेको मेरो घरको भित्तामा टाँसिदिए ताकि आफ्ना बच्चाको खोजी गर्दै माउ पुरानो गुँडसम्म आईपुग्यो भने नयाँ गुँड सहजै देखोस् र बिछोडिएको परिवारको पुनः मिलन होस।

गुँडको काम सकिसकेको थियो अब बच्चालाई ल्याएर सो गुँडमा पुनर्स्थापन गराउने काम बाँकी थियो। त्यसको लागि स्यानिटाइजर, मास्क, पञ्जा लगाएर चाउचाउको कार्टुन सहित बारीमा पुगे, वरिपरि माउ छ कि भनी हेरे,

देखिन। मैले नदेखे पनि माउले कतैबाट हेरिरहेको छ कि भन्ठानेर हात उठाएर सिम्बोल गर्दै सिधा बाटो हुँदै घर आए र कार्टुनमा राखिएका ती बच्चालाई  भित्तामा तयारी अवस्थामा रहेको गुँडमा लगेर राखे।लाटोकोसेरोको गुँड धेरै उज्यालो हुनु उपयुक्त नहुने हुँदा कार्टुनको आधा भाग बन्द गरी गुँडलाई हल्का अँध्यारो बनाए।बारीबाट उठाएर ल्याई गुँडमा राखेको केही समयसम्म ती बच्चाहरूले मैले कहिल्यै नसुनेको नयाँ खालको आवाज निकालिरहेका थिए। मलाई थाहा छैन ती बच्चाहरूको आवाज स्वयम् तिनीहरूकी आमाले बुझ्न/अर्थ्याउन सक्ने गरी विकसित भैसकेको थियो वा थिएन तर मैले त्यो आवाज मार्फत आमासँग बिछोडिँदाको पिडा, भोक र अनिश्चित भविष्य प्रतिको त्रासको अभिव्यक्त भइरहेको अर्थ्याए।

बच्चाहरूको उद्धारसँगै ती बच्चाहरूको उचित हेरचाह गर्ने नयाँ जिम्मेवारी र सकुशल प्राकृतिक वासस्थानमा फर्काउने चुनौती मेरो काँधमा आईरहदा मामाघर आउनु भएका मेरा भान्जीहरूको दिनचर्यामा पनि केही परिवर्तन आएको थियो। डायना र रोमाको कार्टुन हेरेर अधिकांश समय बिताउने उहाँहरूको लागि मामाघरको भित्तामा टाँसिएको चाउचाउको कार्टुन क्रमशः डायना र रोमाको कार्टुन जत्तिकै प्रिय हुन थालेको थियो। दिनमा २५-३० पटक ती बच्चाहरूलाई हेर्नु उहाँहरुको दैनिकीको अभिन्न अङ्ग बनिसकेको थियो। त्यसरी पटक-पटक हेर्न जाँदा ती बच्चाहरूलाई डिस्टर्ब भएको अनुभूति गरी भान्जीहरूलाई नजिक जानबाट रोक्नका लागि गुँडको तल एउटा ड्रम राखेर लक्ष्मण रेखा नै निर्धारण गर्नुपर्ने अवस्थाको सृजना भयो।

ती बच्चाहरूलाई वासको व्यवस्था त भयो अब गाँसको व्यवस्था गर्नु पनि त्यतिकै आवश्यक थियो। त्यसका लागी नजिकैको मासु पसलबाट चिकेन किमा खरिद गरी लिएर आएँ । चराको चुच्चोको आकार फोरसेप्सको जस्तै हुने र चराले आफ्नो बच्चालाई चुच्चामा चारो ल्याई खुवाउने हुँदा ती बच्चालाई खुवाउन +२ साईन्स पढ्दाको डाईसेक्सन बक्समा रहेको फोरसेप्स लाई स्ट्रेलाईज गरी त्यसैको प्रयोगले गर्न उपयुक्त हुने यकिन गरी ती बच्चाहरूलाई किमा खुवाउन थाले।पहिले ती चल्लाहरू डरले खान मानिरहेका थिएनन् तर थोरै बल गरेर एक पटक मुखमा किमा राखिदिएपछि स्वादले लोभ्याएछ क्यारे सहज रूपमा खान थाले। यसरी बिहान र साँझ गरी दिनमा २ पटक चल्लाहरूलाई खुवाउन थालेँ ।

अर्को दिन बेलुकीपख सिमसिम पानी पर्दै थियो जमीनबाट धमिराहरू निस्किरहेका थिए, त्यो दिन खाद्य शृङ्खला अन्तर्गत तीनै धमिराहरू छोपेर ती बच्चाहरूलाई खुवाउने निधो गरेँ । म र भान्जीहरू मिलेर धमिरा छोपी कागजका सोलीमा जम्मा गर्न थाल्यौ।मैले धमिरा छोपिरहेको देखेर बाटोमा हिँड्ने केही अपरिचितहरू हाँस्दै बाटो काटेर जान्थे भने चिनजानका मानिसहरूले कस्तो केटाकेटी जस्तो धमिरा छोपेर बसेको भनेर जिस्क्याउँथे। उत्तरमा हाँसिहाँसी “लकडाउनले गर्दा काम पाइएन भरेको लागि तरकारीको जोह गर्दैछु” भन्थे।

यसरी जम्मा गरिएका धमिरा ती बच्चाहरूलाई खुवाउन थाले। प्राकृतिक आहार भएर होला बडो स्वादले खाए। आफूले जम्मा गरेका धमिरा चल्लाहरूले स्वादपूर्वक खाएको देखेर भान्जीहरू धेरै खुसी हुनुभयो।।ती बच्चाहरूको सम्बन्धमा भान्जीहरूका विभिन्न प्रश्नहरू मध्यको एक प्रश्न “यो चरिको मामु कहिले आउँछ होला?” को जवाफमा कुनै दिन रातको समयमा यिनीहरूको मामु छिट्टै आउनेछ भनेको थिएँ। त्यो जवाफ दिएको दिनदेखि हरेक दिन बिहान उठ्नसाथ भान्जीहरूले सोध्ने पहिलो प्रश्न “आज राति चरिको मामु आयो त?” बनेको थियो। बिहान सबेरै उठ्ने बुबा आमा उठ्न साथ गुँडमा पुगेर माउ आए नआएको जाँच गर्नुहुन्थ्यो तर भान्जीहरूलाई आयो भनेर जबाफ दिन पाएका थिएनौ।

बुबा आमाले बच्चाहरू दिन गनेर बढ्दै छन् भन्नुहुन्थ्यो समयमै खान दिनुपर्छ, जिम्मेवारी लिइसकेपछि राम्रो सँग निर्वाह गर्नुपर्छ, यिनीहरूमा पनि कुनै न कुनै स्वरूपमा भगवानले बास गरेका हुन्छन्, समयमै खान दिएमा र राम्रो हेरचाह गरेमा अशिष मिल्छ भनेर सम्झाइरहनु हुन्थ्यो। हरेक दिन ती चल्लाहरू थप सक्रिय हुँदै थिए, मसँग थप परिचित हुँदै थिए, म गुँडको नजिक पुग्न साथ चुच्चो खोलेर च्वु-च्वु आवाज निकाल्थे।

एक दिन बिहान एउटा चल्लो गुँडबाट तल झरेर बरन्डामा बसेको देखे, गुँडबाट खसेछ क्यारे भन्ठानेको तर अलिअलि उडन जान्ने भएकोले तल झरेको रहेछ। त्यसलाई उठाएर गुँडमा राखि दिएँ । त्यो बच्चा दिनहुँ जसो हरेक बिहान गुँडबाट तल झरेर बसेको हुन्थ्यो। त्यसको केही दिनमा अर्को बच्चा पनि तल झर्न थाल्यो। दोस्रो बच्चा गुँडबाट तल झरेको दिनको बिहानीपख माउ लाटोकोसेरो पनि घर अगाडिको केराको बोटमा आएर बसेको देखेँ । त्यही दिन गुँडबाट पहिले तल झरेको बच्चाले गुँड छाडेर घर अगाडिको चिलाउने को रुखमा गएर बस्न थाल्यो। त्यसको भोलिपल्ट बाट त्यो देखिएन, पछाडि गुँडबाट झरेको बच्चाले त्यसको भोलिपल्ट गुड छोडेर घर नजिकेको केराको बोटमा बस्न थाल्यो। बाँकी रहेको एउटा बच्चा अलि  सानो जस्तो थियो त्यसले पनि ३ दिन पछाडि गुँड छोड्यो। यसरी क्रमशः सबै बच्चाहरूले मानव निर्मित वासस्थान छाडेर आफ्नो परिवार सँगै आफ्नो प्राकृतिक वासस्थानमा लागे।

अन्ततः ती बच्चाहरूलाई सकुशल आफ्नो प्राकृतिक वासस्थानमा फर्काउने मेरो सपना साकार भयो। आमा बुबाले ती बच्चाहरूलाई यसरी सकुशल आफ्नो वासस्थानमा फर्काउन सकिँदैन कि भन्ने लागेको थियो, जुन लक्ष्यले ल्याएको थियौ त्यो लक्ष्य पुरा भएकोमा बधाई दिँदै खुसी व्यक्त गर्नुभयो। ती बच्चाहरू आफ्नो प्राकृतिक वासस्थानमा फर्किए पश्चात् त्यो गुँड फेरि खाली भएको थियो तर मन एउटा छुट्टै किसिमको अनुभव, खुसी र आनन्दले भरिएको थियो।

छिमेकीको घरमा बनेको गुँड भत्किएर मेरो घरको गुँड भरिएको दिन मन जति भारी भएको थियो, त्यो भन्दा हजारौँ गुना आज मन हलुका भएको थियो। मैले शब्दमा लेख्नै नजान्ने खालको अनुभूति भइरहेको थियो। त्यो रित्तिएको गुँडलाई हेर्दै लाग्यो  "खुसी भरिनुमा मात्र होइन रित्तिनुमा पनि मिल्दो रहेछ" । , केवल अनुभूति गर्न जान्नुपर्दो रहेछ।

**( पोखरा प्रश्याङ निवासी  प्रदीप अधिकारीले कानुनशास्त्र र कलाशास्त्रमा स्नातक गरेका छन् । उनि अधिवक्ता, कानुन अध्यापक/अन्वेषक, कानुन संकाय संयोजक (भानुभक्त +२ स्कुल अफ ल ) हुन् )**

## लाटोकोसेरो र हुचिल भेट्दा मनै रमाइलो हुन्छ



गोविन्द बहादुर सिंह

जाजरकोटको उत्तरी भेग वारेकोट दरा साबिकको नापकवाड, रामीडाँडा, सक्ला, रोकाया गाउँलाई समेटेर वारेकोट गाउँपालिका नामकरण गरिएको छ। यही गाउँपालिकाको सेरोफेरोमा लामो समय देखी घुम्दै वन्यजन्तुको तस्वीर खिच्ने, उद्धार गर्ने, उपचार गर्ने र संरक्षणका विभिन्न कामहरू गर्दै आएको छु।

२०७० साल देखी पन्छी संरक्षण सम्बन्धी खासै ज्ञान नभए पनि यो अभियान ल्याउन पन्छी संरक्षण सङ्घका अधिकृत कृष्ण भुसालको सहयोग निक्कै छ। उल्लुका विषयमा 'उल्लु सर' भनेर चिनिने राजु आचार्य सँग पनि भेट भयो। उल्लुका विषयमा उनी मार्फत जानकारी भयो। यसपछि यिनका बारेमा गाउँघरमा सोधपुछ गर्न थालेँ।

गत वर्ष वारकोटे गाउँपालिका को वार्ड नम्बर ९ मा मलाहा हुचिलको २ बच्चा सहितको गुँड भेटियो। सो गुँडमा यसपालि पनि २ बच्चा हुर्काएको छ। त्यसैगरि समुन्द्री सतहबाट २१४६ मिटरको उचाइमा चस्मे उलूक पनि भेटियो। ठुलो वनमा भेटिएको सो उलूकको फोटो खिच्दा दिनभरिको थकान बिर्सिएको थिएँ।



मृग सिकारीले रुख माथि बस्ने ठाउँ समेत बनाएको देखेको थिएँ। सोही ठाउँमा ज्येष्ठ महिनाको १३ गते जाँदा कराएको र उडेको भेटेँ। उतिसको रुखको टोड्कोमा सेतो कपासको भुवा जस्तो बच्चाहरू हुर्काइरहेको थियो। फोटो खिच्न सफल पनि भएँ। त्यसै गरी ज्येष्ठ २१ गते पनि वार्ड नम्बर २ मा पोसिलोको गुँड भेटियो।

गाउँघर घुम्ने क्रममा लाटोकोसेरो र हुचिलहरूलाई थुप्रै चुनौती रहेको थाहा पाएँ। हुचिलका गुँड भत्काउने, गुलेली र ढुङ्गा हानेर नोक्सान पुऱ्याउने, घर नजिक कराउँदा अशुभ हुन्छ भन्ने, घरमा भूत प्रेत नछिरोस् भनेर मारेर झुन्ड्याउने आदी कारणले यिनलाई नोक्सान पुगेको छ।

मैले व्यक्तिगत रूपमा यो चरा संरक्षणको लागि प्रयास गरेको छु। यसको उपस्थितिले मुसाको सङ्ख्या नियन्त्रण हुने, धार्मिक हिसाबले लक्ष्मीको वाहन हो, मार्‍यो भने पाप लाग्ने भनेर विद्यालयका विद्यार्थी र गाउँलेहरूलाई भन्ने गरेको छु। यसले मुसाको साथै सर्प किरा फट्याङ्ग्रा खाएर मानिसलाई सहयोग गर्ने कुराहरू पनि बताउने गरेको छु। किसानको साथी भएकोले नमार्न र दुख नदिन भन्दै हिँडेको छु।अझै पनि यसको संरक्षणको लागि थुप्रै कामहरू गर्न बाँकी नै छ । हातेमालोको लागि सबैलाई अनुरोध पनि गर्छु।



**(जाजरकोट निवासी गोविन्द बहादुर सिंह वन्यजन्तु संरक्षणकर्मी हुन्)**

## मेरो सूचीमा लाटोकोसेरोको नयाँ प्रजाति थपिदा खुसीको सीमा रहेन !




डा. राधा वाग्ले

हाल म बुटवलको प्राविधिक शिक्षालय रहेको आवास क्षेत्रमा बस्छु। यहाँ धेरै पुराना सालका रुखहरू रहेका छन्। झट्ट हेर्दा आवास छेत्र जस्तो देखिए पनि यहाँ तराई र चुरे क्षेत्रको वनमा पाइने चराहरू प्रशस्त मात्रामा देख्न पाइन्छ।

मलाई चरा प्रजातिको पहिचान, आनीबानी र वासस्थान बारे जान्ने रुचि छ। मैले मेरो वन विषयमा स्नातकोत्तर तहको सोध कार्य पनि चरा प्रजातिकै बारेमा गरेको थिए। धेरै समय पछि मलाई फेरी यो ठाउँले चरासँग जोडेको छ।

अझ पछिल्लो चरणमा उल्लु प्रजाति प्रतिको उत्सुकतालाई बढाएको छ। म बिहान बेलुका फुर्सद हुँदाको समय यिनै चराको गतिविधि नियालेर सदुपयोग गर्ने गरेकी छु।

मैले यसरी चराचुरुङ्गी नियालेर हेरेको देखेर मेरो एक जना भाइले अस्ति तीन वटा उल्लु आएर आँपको बोटमा बसेको थियो नि देख्नु भयो भनेर सोध्यो। मैले आफूले नदेखेको र अब देखि त्यस्तो नयाँ चरा देखेमा मलाई बोलाउनु है भनेको थिए।



एक दिन उसले सालको फेदमा रहेको करबिर फुलको बोटमा एउटा उल्लु बसेको देखेर मलाई बोलाएर देखायो। हाँगा बिगाले छेकिएको थियो तर पछि देखे नजिकै रहेछ। उसको आँखा अबोध र मायालु थियो। उ सँग मेरो आँखा जुध्यो। उसले देख्यो कि देखेन मलाई थाहा भएन। मलाई चाँही उसले आँखामा हेरेर केही भनिराखेको छ जस्तो भान भयो। हाम्रो उपस्थिति चाल पाएर उ अलि चनाखो भयो। हाम्रो उपस्थिति उसलाई असहज भए जस्तो लाग्यो। हुन् पनि किन नहोस्। हाम्रो घरमा पनि नयाँ मानिस आयो भने अचम्म लाग्छ। उसलाई पनि त्यस्तै लाग्यो होला।

मैले उसको फोटो खिचेँ, उ फेरी अर्को तिर फर्कियो। उतै गएर खिचेँ। सँगै भएका दुई जना स्टाफले त्यसलाई हल्ला गरेर भगाउन खोजे मैले उनीहरूलाई जनावर चराचुरुङ्गी प्रति पनि सम्बेदनशील हुनुपर्छ भन्ने कुरा बुझाउन खोजे, कति बुझे उनीहरुले थाहा भएन।

केही फोटोहरू खिचे पछि गुगल गरेर कुन प्रजाति रहेछ भनेर पत्ता लगाउने कोसिस गरे। मसँग 'Birds of Nepal' थिएन। मसँग कामलाग्ने दूरबिन पनि थिएन। बर्दियामा आगन्तुक चरा अवलोकनमा जाँदा कर्णालीको पानीमा डुबेको कारण मेरो दूरबिन त्यति काम दिने अवस्थामा थिएन। बेला बेलामा त्यस्को खाँचो त महसुस हुन्छ तर सधैँ यो काममा लगिरहन समय नमिल्ने भएर होला त्यस्ता वस्तुको जोहो पनि नगरेको।

अब फेरी उल्लुकै कुरा। पहिलो पटक उल्लुसँग साक्षात्कार भएको २०५७ साल तिर हो। त्यतिखेर म वन विज्ञान अध्ययन संस्थामा पढ्थे। एक दिन क्लास सकेर बाहिर भएको डेरामा फर्किदा क्याम्पसको उत्तर पूर्व

तर्फको पर्खालको छेउमा एउटा उल्लु (बच्चा जस्तो देखिने) झरेको रहेछ । त्यो हिंड्डुल गर्न नसक्ने जस्तो देखिन्थ्यो। हामीले अलि हल्ला खल्ला गर्दा चलाउन खोज्दा पनि त्यो उडेन ।

त्यसलाई  एक दुई दिन राखेर ठिक पारेर  पठाउनु पर्ला भनेर उद्धार गरेको थिए । डेरामा लगेर एउटा कार्टुनमा राखेँ । मलाई  उसको खानेकुरा, आनीबानी आदिको बारेमा थाहा नभए पनि चामल त खाला कि जस्तो लगेर दिए तर  उसले चामल तिर हेर्दै हेरेन । पानी  खान मन लाग्यो  कि भनेर पानी  दिए ,त्यो पनि खाएन । रिसाएर घुर्की लाएको बच्चाको जस्तो अनुहार धुम्म  पारेर बसिरह्यो । दिनभरि केही नखाएपछि मलाई चिन्ता भयो । यो त अब मर्ने भयो बरु त्यही छोडिदिएको भए त्यस्को माउ आएर लैजान्थ्यो होला भनेर सोचिरहेँ । कतै घरमा ल्याएर गल्ती त गरिन भनेर पिर पनि लाग्यो । अनि हतार हतार त्यसलाई  मैले फेरी जहाँवाट ल्याएको हो त्यही लगेर छोडिदिएँ। रातभरि त्यसको  आमाले भेट्यो कि भेट्न होला, त्यो मर्‍यो कि जिउँदै होला भन्ने चिन्ताले सताई रह्यो ।

अनि उज्यालो हुनासाथ फेरी हेर्न गए तर त्यो त्यहाँ थिएन । त्यसले  पक्कै माउ भेट्यो होला भन्ने लाग्यो ।  त्यो कुन प्रजातिको उल्लु थियो भन्ने थाहा  भएन तर पछि डुन्डुल प्रजातिको  Spotted owlet (Athene brama) रहेछ भन्ने थाहा भयो ।

अध्ययन गर्दा  पछि थाहा पाए त्यो चराले चामल नखाने रहेछ । संसारमा पाइने सबै लाटोकोसेरो र हुचिलले मासु मात्रै खाँदा रहेछन् । सबै मांसाहारी हुँदा रहेछन् । संसार भरि पाइने लाटोकोसेरोको प्रजाति मध्ये  एउटा मात्र शाकाहारी रहेछ ।  त्यो पनि नेपालमा नपाइने रहेछ ।

अहिले बुटवलमा मैले भेटेको चाँही कुन प्रजाति रहेछ भनेर गुगल गरी हेर्दा मैले पत्ता लगाउन सकिन । त्यसपछि Birds of Nepal मा फेसबुक पोस्ट गरे तर फोटोको गुणस्तर राम्रो नभएकोले प्रजाति पत्ता लागेको थिएन । पछि उल्लु प्रजातिको अध्ययन र संरक्षणमा  लाग्नु भएको उल्लु विज्ञ राजु आचार्यले चित्री उलूक Collard Scops Owl भन्ने जानकारी दिनु भयो । मेरो फोटो उहाँले सोम जिसीलाई पठाएर थप पहिचान गर्नु भएको रहेछ ।

आफूलाई अर्को नयाँ  प्रजातिको उल्लु चिन्न  पाएकोमा खुसी लाग्यो । आज यो चरालाई देखेर यसको  नाममा केही कुरा लेख्न पाउँदा खुसी लागेको छ । सबैले आफूले देखेका जनावर, पन्छी, बोट बिरुवाको बारेमा लेख्ने अथवा सामाजिक सञ्जालमा नै राख्ने हो भने पनि जानकारी र अभिलेख रहने रहेछ । अब अर्को प्रजातिको लाटोकोसेरो भेट्न मन लागेको छ । कहिले भेटिन्छ कुन्नि ?

**(डा. राधा वाग्ले उद्योग पर्यटन वन तथा वातावरण  मन्त्रालय, प्रदेश ५ मा सचिव हुनुहुन्छ । उहाँ जैविक विविधता संरक्षण तथा चरा अवलोकनमा रुचि राख्नु हुन्छ)**

# शायद त्यो हाप्सिलो बाच्थ्यो की !





चिरञ्जीवी खनाल

दाङको राप्ती गाउँपालिकाको मौरिघाटको साथी नारायण मल्लले फेसबुकमा म्यासेज गर्नु भएको रहेछ । चरा घाइते भेटियो के गर्ने होला भनेर । फोटो पनि भएको हुँदा लाटोकोसेरो हो भन्नेमा दुबिधा भएन । पानीले पुरै भिजेको जस्तो देखिने यो लाटोकोसेरो कुन प्रजाति हो यकिन भएको थिएन । रात परि सकेको थियो र लाटोकोसेरो साथीको घरमै भएको हुँदा समस्या भएन, बिहान उद्दारको लागि आउने सल्लाह भयो । दाङकै वन्यजन्तु फोटोग्राफर राजिब डाङीसँग पनि कुरा भयो, बन अधिकृत सुजन धिमालसँग पनि सम्पर्क गरेर घटनाको जानकारी दिए ।

बिहान देउखुरी डिभिजन बन कार्यालयका प्रमुख प्रवीण बिडारीसँग सम्पर्क भयो र उद्दारको लागि सहायक बन अधिकृत देवी प्रसाद चौधरी र गोपाल चौधरीसँग साथीको घरमै पुगियो। हिजो पानीमा भिजेको लाटोकोसेरो आज सुकिसकेको थियो र टाठो थियो । नारायण मल्लले मासु पनि खान दिएका रहेछन् । कागको हुलले लखेटेको र घाइते अवस्थामा खोला छेउमा भेटिएको हाप्सिलोलाई मल्ल परिवारले माया गरेर राखेको रहेछन्। लाटोकोसेरो स्वास्थ्य देखिन्थ्यो तर पखेटाको चोट थियो र छाला खुइलेको जस्तो देखिन्थ्यो ।





बन अधिकृतले मुचुल्का उठाउनु भयो । मुचुल्कामा सही छापको काम सकिए पछि, हामीले वन कार्यालयको छेउको चिया पसलबाट मागेर लिएर आएको प्लास्टिकको क्यारेटमा हाप्सिलो राख्यौ । माथि खुल्ला थियो, भाग्न सक्ने सम्भावना भएको हुँदा माथिबाट बोराले छोपेर डोरीले बाध्यौ । सबैलाई धन्यवाद दिँदै त्यहाँबाट बिदा भयौ । साथी नारायण बाटो सम्मै पुऱ्याउन आएका थिए । मल्ल परिवारको त्यो लाटोकोसेरो प्रतिको माया देख्दा म पनि भावुक भएको थिए । म सोच्दै थिए सबै जना मल्ल परिवार जस्तै भइदिए अबोध लाटोकोसेरोहरू विभिन्न प्रलोभन

र अन्धविश्वासमा मरिने थिएनन्  होला । मुचुल्कामा वडाका प्रतिनिधीको सही गर्न बाँकी रहेछ । वडा  कार्यालय तिरै आउन भने पछि हामी त्यतै  जाँदै थियौ । लाटोकोसेरोलाई बन कार्यालयको पुरानो पिक अप जिपको पछाडि राखेको थियौ । केही पर नपुग्दै लाटोकोसेरो क्यारेटबाट फुत्किएछ, हामीले थाहा नै पाएनौ ।  म लगायत  बन कार्यालयको टिम जिपको आगाडी पट्टी बसेका थियौ ।

हामीलाई बिदाइ गर्न आएका नारायण मल्ल बाटोमै थिए, उनले देखेछन् । तत्काल फोन गरेर लाटोकोसेरो जिपबाट निस्किएको खबर दिए । सबै टोली आत्तियौं ।  मुचुल्का उठाएर उद्धार गरेको वन्यजन्तु बाटोमै हरायो भने समस्या पर्ने पक्का थियो । जिप रोकेर हामी लाटोकोसेरो खोज्न लाग्यौ । बाटो छेउको एउटा पसल अगाडि पुगिसकेको रहेछ । वरी-पारीका मान्छेहरू जम्मा हुन लागे, सबै अचम्म परे । कता बाट आयो एक्कासि यस्तो चरा ? जसरी पनि समात्नु पर्ने थियो ।

राम्रो सँग उड्ने अवस्थामा नभएको हुँदा टाढा पुगेको पनि थिएन । बनको टोली के गर्ने कसो गर्ने भन्दै थिए । कथम कदाचित लाटोकोसेरो हरायो भने झन् समस्या थपिने थियो । बन कार्यालयसँग उद्धार सामाग्री नहुनु बन क्षेत्रको कमजोरी नै हो भन्ने लाग्यो । समात्ने हिम्मत पनि कसैको भएन । ठुङ्ला भन्ने डर पनि थियो, आँखा तिर ठुङ्यो भने आँखा फुट्ने सम्भावना हुन्छ भन्ने थाहा थियो मलाई । क्यारेट माथिको बोरा निकालियो अनि लाटोकोसेरोको पछि लागियो । उड्न सक्दैन थियो तर पखेटा फिजाउदै उड्ने प्रयासमा उफ्रिदै दौडिँदै थियो । लाटोकोसेरो अघि अघि म पछि पछि थियौ । लाटोकोसेरो केही परको घरमा पुग्यो । अब जसरी पनि समातिन्छ भन्ने पक्का भयो ।  घेर्दै एउटा कुनामा पुऱ्याएर  ढाडमा बोराले समाते । क्यारेटबाट फुत्किएको लाटोकोसेरोलाई राख्ने ठाउँ पनि थिएन । समातेकै  अवस्थामा करिब २० किलोमिटर टाढा लमही सम्म लैजानु पर्ने भयो ।


लाटोकोसेरोको टाउको तल तिर पर्ने गरी मैले समातिरहेको थिए । केही गरी आक्रमण गऱ्यो भने पनि आँखा सुरक्षित  होस् भन्ने थियो । उद्दारमा जहिले पनि खतरा मोल्नु पर्ने अवस्था हुन्छ, चाहे त्यो  सर्प होस्, या कुनै चरा वा अन्य प्रजाति । विडम्बना बन कार्यालयमा समेत खोर बाहेक कुनै उद्धार सामाग्री हुँदैन ।

हामी फर्कियौँ ।  बाटोमा पर्ने वडा कार्यालयमा वडा  मुचुल्कामा दस्तखत गरे । हुचिल भन्ने थाहा भए  पछि एक पटक दर्शन गर्नुपऱ्यो भन्दै गाडी तिर आए । धेरै वर्ष  पछि देख्न मौका मिल्यो भन्दै थिए उनी । बोरामा बेरेर राखेको हुँदा राम्रो सँग देखिएको थिएन ।

मान्छे भिड हुन सुरु भयो । १-२ जनाले यसको  मूल्य कति पर्छ भनेर समेत सोधे । अन्धविश्वासको पछि लागेर यसको  सिकार हुने गरेको कुरा हामीले भन्यौ । भिड बढ्ने  हुँदा हामी निस्कियौ । लमही पुगियो, डिभिजन बनको कार्यालयमा रहेको खोरमा राखियो । खोर ठुलो थियो तर हुचिल पनि ठुलो भएको हुँदा प्वालबाट निस्किन सक्दैन थियो । मैले फेरि सोचे सर्प वा सालक जस्ता वन्यजन्तु भएको भए , राख्ने ठाउँ पनि नहुँदो रहेछ । बर्सेनि अर्बौं बजेट विनियोजन गर्ने वन-मन्त्रालयले वन्यजन्तु उद्दारमा चाहिने सामाग्री अहिले सम्म किन किन्न नसकेको होला ? करोडौँ बजेट हुने वन-कार्यालयमा अहिले सम्म किन उद्धार सामाग्रीको अभाव भयो होला? अर्को वर्ष बजेट बढोस्, नत्र सधैँ उद्दारमा कठिन हुनेछ ।

उद्धार गरिएको लाटोकोसेरोलाई उपचारको लागि भेटनेरीमा लैजाने तयारी भयो । नजिकको पशु सेवा कार्यालयमा उपचारको लागि लगियो । पशु प्राविधिकलाई वन्यजन्तुको उपचारको ज्ञान हुँदैन । घाउमा लगाउने मलहम र औषधी दिएर पठाए । म पनि घर तिर लागे । भोलि पल्ट बिहान वन अधिकृत देवी प्रसाद चौधरीको फोन आयो, लाटोकोसेरो मऱ्यो भन्ने खबर प्राप्त भयो । म अचम्मित भय त्यति  धेरै कमजोर र घाइते थिएन लाटोकोसेरो कसरी मऱ्यो भन्ने चिन्ता भई रह्यो ।

म पुगे । मरेको लाटोकोसेरो खोरमै थियो । वन कार्यालयका कर्मचारीसँग कुरा गरे बिहान सम्म जिउँदै थियो। औषधी पनि दिएको रहेछन् पछि झोक्र्याएको रहेछ र अन्तिममा मरेको रहेछ। त्यति धैरै माया गरेर लाटोकोसेरोको उद्धार गरेका र हामीलाई मद्तको लागी बोलाएका साथी नारायणले लाटोकोसेरोको हालखबर सोधे भने मैले कुन मुखले जवाफ दिने होला । मैले लाटोकोसेरो मरिसकेको खबर दिनै सकिन।



लाटोकोसेरो मरेको कारण कतै गलत औषधी त होइन भन्ने पनि लाग्यो । ढुक्क हुन लाई औषधीको फोटो लिएर पशु विज्ञानको अन्तिम वर्षमा अध्ययनरत अभिषेक निरौलासँग कुरो पनि गरियो । उनले औषधी ठिकै भएको तर डोज तल माथि हुन सक्ने बताए । मलाई पनि औषधीको डोज धेरै भयो कि भन्ने आशङ्का लाग्यो । डिभिजन बन अधिकृत प्रवीण बिडारी पनि दु:खी थिए । यो भन्दा पहिले पनि वन्यजन्तु उद्धार गरिएका कति वन्यजन्तु उद्धार गरे पछि मरेको बताए । वन्यजन्तुको उपचार गर्न वन्यजन्तुकै चिकित्सक हुनु पर्ने उनको राय थियो । प्रदेश मन्त्रालयमा यो विषयमा कुरा राख्ने वाचा गरे पछि मलाई थोरै भए पनि खुसी लाग्यो । आशा छ प्रदेश नं ५ को वन, वातावरण, उद्योग तथा पर्यटन मन्त्रालयले वन्यजन्तु उद्धारको लागि प्रदेशमा उद्धार सामाग्री, चिकित्सक तथा पुनर्स्थापना केन्द्रको बारेमा सोच्ने छ ।

**(चिरञ्जीवी खनाल वन बिज्ञान बिषयमा स्नातक हुन् । उनि वन्यजन्तु अनुसन्धान र संरक्षणमा कार्यमा संलग्न छन् । उनको बिशेष रूची हाइनाको अनुसन्धान र संरक्षणमा रहेको छ)**

## तिमीलाई उडाउन सकिएन , माफ गरिदेऊ !



पवन देवकोटा

बिहीबारको दिन थियो । सधैँ जसो मेरो स्नातकोत्तरको अनलाइन कक्षा सकेर, खाना खाएर आराम गरिरहेको थिए । फेसबुक पनि हेर्दै थिए । साथीहरूको माइडेमा राखेका फोटोहरू हेर्ने कुरामा पछि पर्ने त कुरै थिएन । यस्तैमा मेरो औला स्क्रिनमा देखिएको एउटा फोटोमा गएर रोकियो । हेर्दा निकै आकर्षण देखिन्थ्यो । त्यो तस्वीर थियो एउटा सुन्दर पन्छीको जसलाई हामी गाउँघर तिर उल्लु भनेर चिन्ने गर्छौ ।

तस्वीरमा एक जना मित्रले उल्लुलाई साथमा राखेर थरथरीका फोटोहरू लिएको देखेँ । पहिले 'व्वाउ' रियाक्ट गरे । एक्कासि मेरो नजर त्यो फोटोको सुन्दरतामा भन्दा पनि त्यो फोटोमा भएको उल्लुमा गयो । मनमा अनेकन् प्रश्नहरू खेल्न थाले । यती सानो उल्लु कहाँबाट आयो ? कसले ल्यायो ? अहिले कहाँ कुन अवस्थामा होला ? आदि आदि । मनका जिज्ञासा मेटाउन हतार हतार फोटो राख्ने साथीलाई मेसेज पठाउन तिर लागेँ । भाग्यवश मैले गरेको मेसेजको उत्तर पनि तुरुन्तै आयो ।

कुरा गर्दै जाँदा त्यसलाई केटाकेटीले लिएर हिँडी रहेको र अहिले कहाँ कुन अवस्थामा छ भन्ने कुरा जानकारी नभएको बताइन । "सायद भुट भाट पारेर खाइसके होला" उनले थपिन् । यो सुन्नासाथ म एक्कासि भयवित भएँ। नमिठो अनुभव भयो ।

समालिँदै पुन: प्रश्न गरे उसलाई "कसको साथमा थियो त्यो सानो उल्लु, के मलाई नाम बताउन सक्छौ?" । केही समयको प्रतीक्षा पश्चात् उसको जवाफ आयो, "निशान र मन्जील भुराहरू " ।

बाहिर पानी परिरहेको भएता पनि त्यसको वास्ता नगरी म त्यो नामको खोजीमा निस्किए । सोही क्रममा एक जना सानो भाइसँग कुरा गर्दा उसले उनीहरूको घर चिनाइ दियो । अनि उ भएको ठाउँमा गएर प्रश्न गरी हालेँ । 'उल्लु कहाँ छ ?' जवाफमा उसको उत्तर आयो "यही घरमा छ " ।

यो सुन्ना साथ लामो राहतको सास फेरेँ । मननै हलुङ्गो भएको आभास भयो । उसले भित्रबाट उल्लुको बच्चालाई लिएर आयो । रातो रङ्गले शरीरको विभिन्न अङ्गहरूमा रंगीचङगी बनाएर राखेका रहेछन् । हातमा लिँदै यताउता हेरेँ । जिउमा चोट थिएन । तर दुवै पखेटामा सामान्य चोट थियो ।

'बुबा आमा कता हुनुहुन्छ?' उसलाई प्रश्न गरे
उसले भन्यो 'अलि पर भाडा माझ्न जानु भएको छ'।

म त्यतै तिर लागेँ । आमासँग कुरो बुझ्दा जङ्गलबाट पाल्न भनेर लिएर आएको भन्ने कुरा बताइन ।
'यसरी वन्यजन्तु पाल्न पाइँदैन नि' मात्र के भनेको थिए, उताबाट ठाडो जवाफ आयो। "के हुन्छ र अरूले पनि त पालिरहेकै छन् त' ।

उसको आमालाई उल्लुको महत्त्व, उल्लु संरक्षण किन ?, घरमा पाल्दा वा चोरी सिकारी गर्दा हुने कानुनी काम कारबाहीको बारे विस्तृत कुरा भने । मेरो कुरा सुनिसके पछि बल्ल हच्किन् उनी ।

उनि नरम बनिन् र भनिन् 'अब ल्याउनु ल्याई त हाल्यौ, के गर्ने त अब ?' ।



सानो बच्चा नै भएकोले त्यसलाई जङ्गलमा लगेर छोड्न सम्भव थिएन र त्यही छोडेर आउन उचित पनि लागेन । अन्तिममा आफ्नै घर लिएर आउने  निर्णय गरे र सरासर उसलाई घर लिएर आएँ । सबै भन्दा पहिला उसलाई राख्नको लागि बस्ने ठाउँको व्यवस्थापन गरेँ । ल्याउन त लिएर आएँ तर यसलाई के खुवाउने भन्ने कुरा अलि अलि थाहा भएता पनि पुरा ज्ञान नभएको हुनाले चरासँग रुचि राख्ने साथीहरूसँग सरसल्लाह गरेँ । साथीहरूको सरसल्लाह बमोजिम मांसाहारी प्रजाति भएकोले किरा फट्याङ्ग्रा व्यवस्था गरी खान दिएँ ।

पूर्व सल्लाह अनुसार बेलुका उसलाई उडाउने प्रयास पनि गरेँ तर त्यो प्रयास अर्थहीन हुन पुग्यो।  सानो र पखेटामा सानो चोटको कारणले उड्न नसकेको हुन् सक्छ । साथीहरूलाई सो बारे पुरा जानकारी गराएँ । उनिहरूले केही दिन पछि पुनः उडाउन कोसिस गर्नु भन्ने  कुरा आइसके पछि  त्यस्तै गर्ने निर्णय गरेँ ।

घरमा उल्लुबारे मम्मी दाइलाई त जानकारी थियो तर बुबाले चाहिँ भेउ पाउनु भएको रहेनछ । दोस्रो दिन उल्लुलाई देख्ने बित्तिकै आक्रोशित हुनु भो। 'किन  लिएर आएको उल्लु ? उडाइ दि हाल,   यसलाई  घरमा राख्यो भने अशुभ हुन्छ' यस्तै यस्तै । मैले जवाफमा यसको महत्त्व, धार्मिक आस्थाको बारे सम्पूर्ण कुरा बुझाइ सकेपछि सबैले माया गर्न थाल्नु भयो  । हाम्रो परिवारको सदस्य जस्तै भैसकेको थियो  ।

गएको तीन हप्ता सम्म ३ पटकसम्म प्राकृतिक वासस्थान फर्काउने प्रयास गरियो। तर सम्भव भएन। यो अवधिमा फट्याङ्ग्रा, भ्यागुता, सङ्खे किरा, गडेउँला आदी खुवाएको थिए।


एक दिन बिहान म उठ्दा राखिएको स्थानमा मृत भेटियो। बेलुकी सम्म त ठिक थियो, के भयो होला कुन्नि? खुला आकाशमा उडाउने सपना चकनाचुर भएको थियो। हाम्रो परिवार जस्तै भएर बसेको त्यो लाटोकोसेरो जाँदा हामी सबै अहिलेसम्म दुखी छौँ। हार्दिक श्रद्धांजलि।





**(पवन देवकोटा वन विज्ञानमा स्नातकोत्तर गरिरहेका छन्। उनी वन र वन्यजन्तुमा रुचि राख्छन्)**

## गोरखाबाट उद्धार गरिएको चस्मे उलुक



यही २०७७ साल असार २८ गते डिभिजन वन कार्यालय गोरखाले दुई वटा चस्मे उलुक (Brown Wood Owl) नामक हुचील प्रजातिको उद्धार गरेको छ । गोरखा जिल्लाको सिरान चोक गाउँपालिका तथा पालुंगटार नगरपालिकाबाट उक्त हुचील उद्धार गरेको हो । स्थानीयले भुद्रुङ् भन्ने गरेको उक्त हुचील नजिकैको वन क्षेत्रबाट घरमा ल्याएर पालेको भन्ने विशेष सूचनाका आधारमा डिभिजन वन कार्यालय गोरखाबाट गएको उद्धार टोलीले उद्धार गरेको हो ।

रुखको दुलोमा गुँड बनाएर बसेको देखेपछि स्थानीय युवाहरूले ती वयस्क नभई सकेका हुचिललाई गुँडबाट झिकेर ल्याएको बताए । ती हुचीलको तौल ७०० ग्राम थियो भने ठूँड देखि पुच्छरसम्मको लम्बाई ४५ से.मि. थियो । करिब दुई महिना अघि जङ्गलबाट ल्याएको बताउने स्थानीयले उक्त हुचील अवैध रूपमा बेचबिखन गर्न भन्दा नि रहर ले पाल्न ल्याएको र यसको महत्त्व तथा अन्तर्राष्ट्रिय चोरी तस्करीको बारेमा अनभिज्ञ रहेको बताएका थिए । खटिएको टोलीले घरमा हुचील पाल्ने स्थानीयलाई यसको कानुनी हैसियत तथा पर्यावरणीय महत्त्वको बारेमा प्रस्ट पारेर उक्त हुचील डिभिजन वन कार्यालयमा ल्याएका थिए । तिन दिनसम्म सुरक्षित रूपमा राखिसकेपछि नजिकैको जङ्गलमा छाडिएको थियो ।

**महेश पौडेल**



© Tovanath Paudel

**(महेश पौडेल वन विज्ञानमा स्नातक हुन् र हाल डिभिजन वन कार्यालय गोरखामा सहायक वन अधिकृतको रूपमा कार्यरत छन् )**

## लाटोकोसेरोको उद्धार, पुनर्स्थापना तथा मृत्यु


**चैत्र १० २०७६** *का दिन काठमाण्डौ जिल्ला सुकेधारामा भेटिएको कोचलगाँडेलाइ उपचारका लागि Sneha's Care को रेखदेखमा छोडेको र हालको अवस्था अज्ञात ।*

***फोटो: विकाश गौतम***



***चैत्र २९*** *दैलेख जिल्लामा डिविजन वन कार्यालयले  घाइते हाप्सिलो उद्दार  गरेको तर हालको अवस्था अज्ञात।*

***फोटो : तरुण मिडिया***




***बैशाख २२ गते*** *लमजुङ्ग जिल्ला बाट दुइवटा चस्मे उलूक उद्दार गरि डिभिजन वन कार्यालयमा राखिएको छ।*

***फोटो : प्रगति शर्मा***



***बैशाख ११*** *गते करेन्ट लागेर कास्की जिल्लामा मलाहा हुचिल मरेको छ।*

***फोटो : बेद नाथ पौडेल***



***बैशाख १३*** *गते दाङ जिल्लामा उद्धार गरिएको तर हालको अवस्था अज्ञात।*

***फोटो : डिल्ली बहादुर रावत***



***२०१५ जेष्ठ महिनामा*** *स्याङ्गजा जिल्लाको वालिंङ्ग क्षेत्रमा चित्री उलूक भेटिएको तर पछिल्लो अवस्था अज्ञात।*

***फोटो : सुजन महर्जन***



***जेष्ठ ३० गते*** *पाल्पा जिल्लाको रामपुर क्षेत्रमा २ वटा चस्मे उलूक स्थानीयको घरमा भेटिएको तर पछिल्लो अवस्था अज्ञात।*

***फोटो: विवेकशील शुशिल पंगेनीको फेसबुकट***



***जेष्ठ १९ गते***, *मेघौली चितवनमा मनेश लिम्बुले छिमेकीको रहेको ३ वटा कोचलगाँडे लाटोकोसेरो घरमा ल्याई, कृतिम गुड बनाई, हुर्काएर प्राकृतिक वासस्थानमा छोडेको छन्।*

***फोटो : मनेश लिम्बु***



***जेष्ठ २० गते***, *लमजुङ्ग जिल्लामा पासोमा परेको अवस्थामा ठुलो डुन्डुल उद्दार गरि प्राकृतिक वासस्थानमा छोडियो।*

***फोटो : सुवर्ण घिमिरे***



***जेष्ठ २१*** *गते कोशी टप्पु वन्यजन्तु आरक्षका संरक्षण अधिकृत रामदेव चौधरीको नेतृत्वमा सुनसरी जिल्लाको राजाबास क्षेत्रबाट महाकौशिक प्रजातिको हुचील उद्दार गरिएको छ।*

***फोटो: रामदेव चौधरी***



**ज्येष्ठ २०** *गते लम्जुङ् जिल्लामा पासोमा परेको डुन्डुललाइ सुरक्षित तवरले प्राकृतिक वासस्थानमा छोडिएको छ ।*

***फोटो: सुवर्ण घिमिरे***



**ज्येष्ठ २८** *गते काठमाण्डौ जिल्लाको कलंकीमा कोचलगाँडेको उपचार गरेर सदर चिडियाखानामा बुझाइएको छ ।*

***फोटो: बिरेन केसी***



***जेष्ठ २४ गते***, *ललितपुरमा मसिनो डोरीले अल्झिएको गोठे लातोकोसेरोलाई उद्दार गरिएको। हालको अवस्था अज्ञात।*

**फोटोः सुमन रत्न धक्वा**



***जेष्ठ २५ गते***, *सिराहा र उदयपुरको सिमानामा खिचिएको हाप्सिलोको बच्चा। हाल अवस्था अज्ञात।*

**फोटोः जिबत पाण्डे**



***आसार ९ गते***, *बर्दिया राष्ट्रिय निकुन्ज नजिकै घाइते अवस्थामा भेटिएको गोठे लाटोकोसेरोको। हाल अवस्था अज्ञात।*

**फोटो : अन्नु राम चौधरी**



***आसार २८ गते***, *पोखरामा रोहीत र रोशन गिरी द्वारा उद्दार गरिएको गोठे लाटोकोसेरो बेगनासताल नजिकै रहेको जुलोजिकल पार्कमा बुझाउने क्रममा आफै उडेको छ ।*

**फोटो : राजु आचार्य**



***आसार १३ गते***, *कीर्तिपुरमा रामशरण महर्जनले उद्दार गरेको कोचलगाँडे लाटोकोसेरो डिभीजन वन कार्यालयको सहयोगमा जावलाखेल स्थित चिडियाखानामा हस्तान्तरण गरियो ।*

**फोटो: देव महर्जन**



**असार १** *गते काठमाण्डो जिल्लाको काँडाघारीमा कोचलगाँडेले लगाएको गुँड घरधनीले थुनेका कारण त्यहाँ रहेका दुइ बच्चाहरू मारिएका छन् ।*

**फोटो: कल्पना मिश्र**



**असार ३१** *गते जाजरकोट जिल्लामा कागको आक्रमणमा परि घाइते भएको ठुलो डुण्डुललाई उपचार गरेर प्राकृतिक वासस्थानमा छोडिएको छ ।*

**फोटो: गोविन्द बहादुर सिंह**



फोटो : राजु आचार्य



पोखराको पचवैया स्थित जुलोजिकल पार्कमा रहेको हाप्सीलो



गोठे लाटोकोसेरो




©Kamal Raj Gosai



©Sharmila Sigdel

# क्यामेरामा लाटोकोसेरो

दशरथ श्रेष्ठ



Dasrath Shrestha
PHOTOGRAPHY



Dasrath Shrestha
PHOTOGRAPHY




काठमाडौँ निवासी दशरथ श्रेष्ठ क्यामेरा व्यवसायी (रिपियर समेत) हुन् । उनी फोटो ग्राफिमा समेत रुचि राख्छन्।



©Rohit Giri

## अन्त्यमा

'प्रकृतिका साथीहरु'को चौमासिक प्रकाशन
हाप्सिलो
**अवधारणा :** राजु आचार्य
**सम्पादकीय समूह :** राजु आचार्य र यादव घिमिरे
**पाहुना भाषा सम्पादक :** रमेश पोख्रेल
**फोटो** : राजु आचार्य
**लेख, रचना तथा सम्पर्कका लागि :** naturesfren@yahoo.com